# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्युरोड,

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

**आ.ब.:२०७९।०८०**

बोलपत्र फारम

सूचना नं. 51.1/PMC/079-080

बोलपत्र नं. 15/PMC/Rev/079-080

पुनः प्रयोग योग्य सामग्रीहरुको निकासी कर संकलन सम्बन्धी

बोलपत्र फाराम

फारम दस्तुरः रु. ५,०००।००

# विषय सूची

विषय | पेज नं.

१) बोलपत्र सम्बन्धी सूचना ........................................................ ४
२) प्रस्तावदाताले पेश गर्नु पर्ने न्यूनतम् कागजात ................................ ६
३) बोलपत्रका शर्तहरु ............................................................... ७
४) बोलपत्र मूल्याङ्कनका आधार .................................................. १०
५) प्रस्तावदाताको विवरण फारम .................................................. ११
६) लेटर अफ विडको नमूना ......................................................... १२
७) विड डाटा सिट ................................................................... १३
८) विल अफ क्वान्टिटी (BOQ) ..................................................... १४
९) संझौताको मोटामोटी खाका ...................................................... १५

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की

सूचना नं :- 51.1/PMC/079-80

प्रथम पटक प्रकाशित मितिः२०८०/०१/१२

पोखरा महानगरपालिका क्षेत्रबाट उत्पादन हुने पुनः प्रयोग योग्य कवाडी सामानहरु जस्तैः पुराना कागज, फलाम, प्लाष्टिक, अन्य धातुहरु कालो मोबिल, मरेका जिवजन्तुको छाला हाड लगायतका सामानहरु यस महानगरपालिकाबाट निकासी गर्दा लिइने कवाडि निकासी कर संकलन गर्न आगामी दुई बर्षको लागि पोखरा महानगरपालिकाबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको ई–पोर्टल https://www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान गरिएकोले ईच्छुक फर्महरुले यसै सूचना बमोजिम बोलपत्र पेश गर्न सकिने छ ।

तपसिल :

| सूचना नं. | बोलपत्र नं. | बोलपत्रको नाम, ठेगाना | न्यूनतम रकम कर बाहेक रु. | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| 51.1 /PMC/079-080 | 15/PMC/Rev/079-080 | पुनः प्रयोग योग्य सामग्रीहरुको निकासी कर संकलन | ५,२६,००,०००।०० | २६,३०,०००।०० | ५,०००.०० |

बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान

| सूचना नं. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्रदाखिला गर्ने मिति र समय | | बोलपत्र खोल्ने मिति र समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| 51.1 /PMC/079-080 | २०८०/०२/११ | १२:०० बजे | २०८०/०२ /११ | १२:०० बजे | २०८०/०२ /११ | १:०० बजे |
| बोलपत्र फारम खरिद बापतको रकम जम्मा गर्ने बैंकको नाम | राष्ट्रिय वाणिज्य बैक पृथ्वीचोक खाता नं : ३०२०१००३०१०१०००२ | | | | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय | |
| धरौटी रकम जम्मा गर्ने बैंकको नाम | राष्ट्रिय वाणिज्य बैक पृथ्वीचोक खाता नं : ३०२०१००३०३०१०००२ | | | | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय | |

नोटः- बिस्तृत विवरण तथा खरिदसंग सम्बन्धित शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिकाका पुनः प्रयोग योग्य सामग्रीहरुको निकासी कर सम्बन्धी
बोलपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०८०/०१/१२

महानगरपालिका क्षेत्रबाट उत्पादन हुने पुनः प्रयोग योग्य कवाडी सामानहरु जस्तै: पुराना कागज, फलाम, प्लाष्टिक, अन्य धातुहरु कालो मोबिल, मरेका जिवजन्तुको छाला हाड लगायतका सामानहरु यस महानगरपालिकाबाट निकासी गर्दा लिइने कवाडि निकासी कर संकलन गर्न आगामी दुई बर्षको लागि पोखरा महानगरपालिकाबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि बोलपत्र पेश गर्न इच्छुक फर्महरूले व्यवसाय दर्ताको प्रमाणपत्र, भ्याट दर्ताको प्रमाणपत्र, आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु लगायतका कागजात निवेदन साथ संलग्न गरि निम्न मिति र समय भित्र आय ठेक्का ब्यवस्थापन सम्बन्धी बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको ई पोर्टल https://www.bolpatra.gov.np/egp/ मार्फत सूचना आव्हन गरिएको ब्यहोरा जानकारी गराइन्छ । बोलपत्र पेश गर्न सकिनेछ ।

शर्तहरु:

१. टेण्डर फाराम खरिद गर्ने मिति, समय र स्थान: रजिष्टर्ड फर्महरुले रु.५,०००/-पाच हजार रुपैया पोखरा महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ३०२०१००३०१०१०००२ मा फिर्ता नहुने गरि दस्तुर बुझाई २०८० साल जेष्ठ महिनाको ११ गतेसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. टेण्डर फाराम दाखिला गर्ने अन्तिम मिति २०८० साल जेष्ठ ११ गते दिनको १२.०० बजेसम्म बुझाउनु पर्नेछ ।

३. टेण्डर खोल्ने मिति, समय र स्थान मिति २०८० साल जेष्ठ ११ गते दिनको दिनको २.०० बजे पोखरा महानगरपालिकाको कार्यालय न्यूरोडमा खोलिनेछ । टेण्डर खोल्दा टेण्डरवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । टेण्डरवाला वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि टेण्डर खोल्ने कार्यमा बाधा पर्नेछैन ।

४. टेण्डर दाखिला गर्दा कवोल गरेको रकम ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम पोखरा महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको खाता नं. ३०२०१००३०३०००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा क वर्गको वाणिज्य बैकबाट कम्तीमा १५० दिन सम्म म्याद कायम भएको बैंक जमानत टेण्डर फाराम साथ संलग्न गर्नुपर्नेछ ।

५. न्युनतम ठेक्का रकम दुई वर्षका लागि वार्षिक कर बाहेक रु. ५,२६,००,०००।- (अक्षेरुपी पाँच करोड छब्बीस लाख) मात्र रहेको छ । किस्ता भुक्तानी रकमलाई छ किस्तामा विभाजन गरिएको छ । किस्ता दाखिला गर्ने मिति र विवरण सम्झौतामा उल्लेख हुनेछ ।

६. स्वीकृत फर्मले पत्र प्रात भएको मितिले सात दिन भित्रमा पहिलो किस्ता रकम र बाकी रकमको हकमा बैंक जमानत सहित पेस गरेपछि मात्र सझौता हुनेछ । दिन भित्रमा सम्झौता नगरेमा धरौटी जफत हुनेछ । एकमुष्ट रकम नगदै बुझाएमा पोखरा महानगरपालिका आर्थिक ऐन २०७९ को अनुसूची

१९ ९ बमोजिम पाँच प्रतिशत रकम छुट दिइनेछ । तोकिएको प्रमुख प्रशासकीय अधिकृत किस्ता रकमहरु दाखिला नभएमा नियमानुसारको थप जरिवाना लाग्नेछ ।

७. कवाडी संकलनको दर:- पोखरा महानगरपालिका आर्थिक ऐन २०७९ को अनुसूची ९ मा उल्लेख भएको दररेट र नगर सभाले प्रत्येक आर्थिक वर्षमा परिमार्जन गरेमा सोही दररेट अनुसार हुनेछ ।

८. पोखरा महानगरपालिकाले दिएको आदेश निर्देशन नीति नियमको दोस्रो पक्षले पालना गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले विगतमा कुनै क्षेत्रमा काम गरेको अनुभव पत्र सहित सो कम्पनीको आर्थिक कारोवारको बक्यौता नरहेको प्रमाण पेश गर्नु पर्नेछ ।

१०. कुनै एक वर्ष भित्रको वित्तिय कारोवार रकम रु. चार करोड भन्दा बढी हुनुपर्नेछ ।

११. बोलपत्र दाताले क वर्गको वाणिज्य बैकबाट रु.५ करोड भन्दा बदीको बैक जमानत पत्र (Peroformance Bond) यस महानगरपालिकालाइ उपलव्ध गराउन सकिने भन्ने बैकको आधिकारीक पत्र साथमा पेश गर्नु पर्नेछ।

१२. कवाडि ब्यवस्थापन गर्ने संस्था र पोखरा महानगरपालिका बीच ठेक्काहरू सम्बन्धमा कुनै विवाद भएमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण सरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

१३. पेश भएका बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार महानगरपालिकामा निहित रहनेछ ।

१४. तोकिएको म्याद भित्रमा किस्ता नबुझाएमा महानगरपालिकाको तर्फबाट ठेक्का तोडि १० प्रतिशतका दरले जरीवाना लगाई बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असूल उपर गरिनेछ । जिल्ला प्रहरी कार्यालय कास्कीको सहयोग र यस कार्यालयले जारी गरेका निर्देशनहरू पालना दोश्रो पक्षले गर्नुपर्नेछ ।

१५. प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर बुझाउने दायित्व दोश्रो पक्षको हुनेछ ।

१६. यस सम्बन्धी थप जानकारी पोखरा महानगरपालिकाको वेवसाइट www.pokharamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावदाताले पेश गर्नु पर्ने न्यूनतम कागजात

क) **प्रस्तावदाता कम्पनी संग सम्बन्धित कागजात**

- कम्पनी दर्ता प्रमाण पत्र
- व्यवसाय गर्न इजाजत प्राप्त प्रमाण पत्र
- नविकरण आवश्यक पर्ने फर्मको नविकरण पत्र
- मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र
- आर्थिक बर्ष ०७८।०७९ को कर चुक्ता प्रमाण पत्र
- प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको कार्यकारी निकायको निर्णय तथा निर्णयको आधारमा जारी गरिएको अधिकार पत्र (Power of Attorney)
- पोखरा महानगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यमा भाग लिन कालो सूचीमा नपरेको तथा पोखरा महानगरपालिकामा कुनै पनि प्रकारको रकम दाखिला गर्न बाँकी छैन भन्ने स्वघोषणा पत्र ।
- पोखरा महानगरपालिमा आ.ब.२०७८/०७९ मा आयठेक्का प्राप्त कम्पनी/फर्मको हकमा आन्तरीक राजश्व कार्यालयमा भ्याट दाखिला गरेको प्रमाणित कागजात।
- सूचनामा उल्लेख भए बमोजिम बोलपत्र जमानत ।
- सूचनामा उल्लेख भए बमोजिम बोलपत्रदाताको नाममा बोलपत्र खरिद गरेको रसिद ।
- बोलपत्रदाताले विगतमा कुनै उप-महानगरपालिका/महानगरपालिका जस्ता क्षेत्रमा काम काम गरेको अनुभव पत्र सहित सो कम्पनीको आर्थिक कारोवारको बक्यौता नरहेको प्रमाण ।
- कुनै एक वर्ष भित्रको वितिय कारोवार रकम रु. पाँच करोड भन्दा बढी हुनुपर्नेछ ।
- बोलपत्र दाताले क वर्गको वाणिज्य बैकबाट रु.पाँच करोड रुपैयाँ भन्दा बढिको बैक जमानत पत्र (Peroformance Bond) यस महानगरपालिकालाइ उपलव्ध गराउन सकिने भन्ने बैंकको आधिकारीक पत्र ।

ख) लेटर अफ विडका साथ बोलपत्र प्रस्तावको हरेक पेजमा सहीछाप गरी पेश गरेको प्रस्ताव

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

## बोलपत्रका शर्तहरु

प्रमुख प्रशासकीय अधिकृत

**क. बोलपत्रदाताले कबोल गरेको अंक र बैंक जमानत सम्बन्धी शर्तहरु**

१) बोलपत्रदाताले कबोल गरेको रकम ६ किस्तामा तिर्नुपर्नेछ । पहिलो किस्ता बापत कबोल गरेको रकमको एक भाग सम्झौताको समयमा दाखिला गर्नुपर्नेछ भने बोलपत्रदाताले कबोल गरेको बाकी रकम बरावरको सम्झौताको मितिले २५ महिना म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' बर्गको बित्तीय संस्थाबाट जारी गरेको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

२) तोकिएको किस्ता म्याद भित्र नवुझाएमा महानगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ । असुल गर्न बाँकी रकममा वार्षिक १५ प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्तो फर्मलाई २ वर्षको लागि कालो सूचीमा राखिनेछ ।

३) सम्झौता गर्न आउँदा कबोल गरेको अंकको १३ प्रतिशत भ्याट रकम जम्मा गरी सो को सक्कल भौचर महानगरपालिकामा पेश गर्नु पर्नेछ । सम्पूर्ण भ्याट रकम अग्रिम दाखिला नगरेमा सम्झौता गरिने छैन ।

४) ठेक्का स्वीकृत भएपछि बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ठ रुपमा कार्यालयमा बुझाएमा ५ प्रतिशत छुट दिईनेछ ।

५) सुचनामा उल्लेख भए बमोजिमको बोलपत्र जमानत यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक पृथ्वीचोक शाखामा धरौटी खाता नं.३०२०१००३०३०१०००२ मा जम्मा गरी सो को सक्कल भौचर वा (क) बर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाउँमा जारी भएको १५० दिन म्याद भएको बैंक जमानत पत्रको सक्कल पत्र टेन्डर फाराम साथ संलग्न हुनुपर्नेछ ।

**ख.अन्य शर्तहरु**

१) बोलपत्रको समयावधि सम्झौताको मितिबाट दुई वर्षको कायम गरिएको छ । बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार महानगरपालिकामा सुरक्षित रहनेछ ।

२) बोलपत्रहरुमा वोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरेको हुनु पर्ने छ । सहीछाप नभएमा बोलपत्र रितपूर्वक भएको मानिने छैन ।

३) व्यवसायी र पोखरा महानगरपालिका वीच भएको आय ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

४) कुनै शर्त राखी पेश गरेको रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन । यस अगाडि टेन्डर स्विकृत भै सम्झौता गर्न पत्राचार गर्दा पनि संझौता नगरेका र बक्यौता रकम बांकी रहेका तथा कानून बमोजिम दाखिला गर्नु पर्ने राजस्व रकम दाखिला नगरेका फर्महरुलाई आ.ब ०७९/०८० को मुल्यांकनमा अयोग्य मानिनेछ ।

५) माथि उल्लेखित सुचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु सूचनामा उल्लेख गरिएको मिति र समयमा पोखरा महानगरपालिकामा खोलिनेछ । बोलपत्र खोल्दा निजको प्रतिनिधि उपस्थित भए वा नभए पनि खोल्न सकिनेछ ।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

६) बोलपत्र फारम खरीद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

७) महानगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का सन्चालन हुन नसकेमा बाहेक अन्य कुनै कारण देखाई ठेक्का बापतको रकम मिनाहा वा छुट दावि गर्न पाईने छैन ।

८) कालो सुचिमा परेका निर्माण व्यवसायी वा कम्पनी वा यस महानगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्वत रद्ध हुनेछ ।

९) यसमा उल्लेख नभएका अन्य कुराहरु करार सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

१०) टेन्डर फर्म भर्दा अंक र अक्षरमा रकम भर्नुपर्नेछ । अंक र अक्षरमा रकम घटबढ भएमा अक्षर रकमलाई मान्यता दिईनेछ । केरमेट भएको ठाँउमा सहिछाप गर्नुपर्नेछ।

११) बोलपत्र छनोट भएपछि सार्वजनिक सुचना मार्फत आशय पत्र जारी गरिनेछ । आशयपत्रको म्याद सकिएपछि सम्झौता गर्न आउन १५ दिनको म्याद दिइनेछ । यस्तो मितिले १५ दिन भित्र पहिलो किस्ता, भ्याट रकम, जमानत दाखिला गरेपछि मात्र सम्झौता प्रक्रिया अगाडि बढाईनेछ । म्याद भित्र सम्झौता नगरेमा राखेको बोलपत्र जमानत/धरौटी जफत गरी रितपूर्वक पेश भएको दोस्रो बढी कबोल गर्ने पक्षसंग सम्झौता गर्न प्रक्रिया अगाडी बढाईनेछ ।

१२) बोलपत्रदाताले विगतमा कुनै उप-महानगरपालिका/महानगरपालिका जस्ता क्षेत्रमा कवाडि सम्बन्धी काम गरेको अनुभव पत्र सहित सो कम्पनीको आर्थिक कारोवारको बक्यौता नरहेको प्रमाण पेश गर्नु पर्नेछ ।

१३) कुनै एक वर्ष भित्रको वित्तिय कारोवार रकम रु.पाँच करोड भन्दा बढी हुनुपर्नेछ ।

१४) बोलपत्र दाताले क वर्गको वाणिज्य बैंकबाट रु.५ करोड भन्दा बदीको बैंक जमानत पत्र (Peroformance Bond) यस महानगरपालिकालाइ उपलव्ध गराउन सकिने भन्ने बैंकको आधिकारीक पत्र साथमा पेश गर्नु पर्नेछ।

१५) कवाडि ब्यवस्थापन गर्ने संस्था र पोखरा महानगरपालिका बीच ठेक्काहरू सम्बन्धमा कुनै विवाद भएमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

१६) बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण सरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना बोलपत्रदाताले ठेक्का पट्टा सम्बन्धी इजाजत प्राप्त गरेको हुनुपर्नेछ ।

१६) कवाडिको कारोवार गर्दा बालश्रम प्रयोग निषेध गरिएको छ । वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन । मजदुरको ज्यालाको हकमा प्रचलित कानूनमा उल्लेख गरे भन्दा कम नहुने गरी ज्याला दिनुपर्नेछ । काम गर्ने मजदुरको सुरक्षामा पर्याप्त ध्यान दिनु पर्नेछ, मजदुरहरुलाई हेलमेट, पन्जा, बुट जस्ता सामाग्रीको लगायत अस्थायी शौचाल एवं First Aid को सामाग्री उपलव्ध गराउनु पर्ने छ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

१७) सम्झौता अवधिका केही महिना वा दिन नेपाल सरकारको निर्णय (जस्तैः महामारी, कोभिड लकडाउन) का कारण निकासी बन्द भएमा वा गर्ने परेमा त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपूर्ति, हर्जना वा समय थपको माग गर्न पाउने छैन ।

१८) बोलपत्रका सम्बन्धमा थप केही बुझ्नु परेमा पोखरा महानगरपालिकाको खरिद शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ । शाखाको सम्पर्क फोन नं. ०६१-५२०३९२ तथा कार्यालयको इमेल Pokharamun@gmail.com मार्फत पनि जानकारी माग गर्न सकिनेछ ।

१९) बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार महानगरपालिकामा सुरक्षित रहने छ ।

२०) प्रस्तावदाताले महानगरपालिकाले समय समयमा दिएका निर्देशनको पालना गर्नुपर्ने छ ।

२१) बोलपत्रदाताले बोलपत्र स्वीकृत भएमा सो पश्चात कवाडि संकलन गर्ने केन्द्रहरुलाई महानगरपालिकाको कानून बमोजिम दर्ता तथा नविकरण गर्न सहजीकरण गर्नु पर्नेछ ।

२१) बोलपत्र सम्बन्धी प्रस्ताव शर्त रहीत हुनु पर्नेछ । शर्त सहितको प्रस्ताव स्विकृत गरिने छैन ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव मूल्याङ्कनको आधार

प्रमुख प्रशासकीय अधिकृत

क) **बोलपत्रको पूर्णताको परिक्षण** : यस चरणमा सूचनामा माग भएका सम्पूर्ण कागजातहरु बोलपत्र दाताले पेश गरेको वा नगरेको विषयमा अध्ययन गरिनेछ । यसको अलावा, प्रस्ताव जमानत रकम, त्यसको म्याद, लेटर अफ विडमा सहिछाप भए नभएको, विओक्यूमा हस्ताक्षर तथा छाप लागे वा नलागेको जस्ता विषयहरुको परिक्षण गरिनेछ ।

ख) **कालो सूचीमा परे-नपरेको अध्ययन** : माथि बुँदा 'क' मा उल्लिखित प्रकृया पार गरी मूल्याङ्कन प्रक्रियामा रहेका बोलपत्रदाताहरु प्रचलित कानुन वमोजिम कालो सूचीमा परेको वा नपरेको भन्ने विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको तथ्याङ्क भिडाई हेरिने छ । यसै गरी, यस्तो बोलपत्रदाताहरुले महानगरपालिकालाई तिर्नु वा वुझाउनु पर्ने नगदी वा जिन्सी केही वक्यौता भए नभएको एकीन गरिनेछ । यो प्रकृयामा असफल हुने बोलपत्रदाताको बोलपत्र मूल्याङ्कनको अर्को चरणमा जाने छैन ।

ग) **बोलपत्रको मूल्याङ्कन** : माथि बुँदा 'क' र 'ख' मा उल्लिखित प्रकृया पुरा गरी आएका बोलपत्रहरुको प्रत्येक प्याकेजको हकमा अधिकतम् रकम कवोल गर्ने बोलपत्रको प्रस्ताव छनौट गरी उक्त संस्थाको नाममा आशयपत्र जारी गरिनेछ । यस्तो प्रस्ताव शर्त रहीत हुनु पर्नेछ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

## Bidder's Information

प्रमुख प्रशासकीय अधिकृत

### Form ELI - 1: Bidder's Information Sheet

| Bidder's Information | |
|---|---|
| Bidder's legal name | |
| Bidder's country of constitution | |
| Bidder's legal address in country of constitution | |
| Bidder's authorized representative (name, address, telephone numbers, fax numbers, e-mail address) | |

कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

# बोलकबोल पत्र
## (Bid Form)

प्रमुख प्रशासकीय अधिकृत

मिति : ......................

व्यवसायीको नाम ठेगाना :.......

सुचना नं. : 51.1/PMC/079-080

**पोखरा महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय**

**गण्डकी प्रदेश, नेपाल**

तहाँ कार्यालयबाट मिति २०८०/०१/१२ गते प्रकाशित सुचना अनुसार बोलपत्र नं. 51.1/PMC/079-080 महानगरपालिकाबाट निकासी कवाडि जन्य सामाग्री हुने को निकासी कर संकलन सम्बन्धी बोलपत्र आव्हान भएको बोलकबोलको सुचना बमोजिम बोलपत्रको शर्तहरुमा मञ्जुर भै बोलकवोल गर्न निवेदन पेश गरेका छौं ।

१. मेरो फर्म कानूनी हिसावले यस पोखरा महानगरपालिका सँग ठेक्का पट्टा बोलकबोल गर्न बैध रहेको छ र कुनै स्वार्थ बाझिएको छैन ।
२. हामि कुनै पनि कानूनी हिसावले कालो सूचीमा परेको छैनौं साथै कुनै गैरकानूनी कार्यमा संलग्न नभई वा अन्य कुनै कारणले म अयोग्य नरहेको भसन स्वघोषणा गर्दछु ।
३. राजस्व संकलनका लागि जारी भएको बोलपत्रसम्बन्धी सबै कागजातहरुको अध्ययन गरियो र यसमा हाम्रो पुर्ण सहमति रहेको छ ।
४. राजस्व संकलनका लागि जारी भएको बोलपत्रको शर्तहरु पालना गरि कार्यालयबाट जारि हुने निर्देशन अनुसार कार्य गर्न मञ्जुर रहेको छौ ।
५. कुल कबोल रकम रु. ........................................................................ को प्रस्ताव पेश गरेको छ ।
६. मु.अ.क. समेत कार्यालयको शर्त बमोजिम राजस्व भुक्तानी अलग्गै गर्ने गरि कबोल अंक रहेको छ ।
७. कबोल अंक मु.अ.क. समेतले हुन आउने रकम रु.......................................... जमानत बापत रकम जम्मा गरेको छौ वा .................................... बैंकको बैंक जमानत पत्र पेश गरेको छौ ।
८. यदि हाम्रो बोलपत्र स्वीकृत भएमा बोलकबोल कागजातमा उल्लेख भएका बमोजिमको समयमा राजस्व रकम भुक्तानी गर्न मञ्जुर छौ । हामीले पेश गरेको प्रस्तावको उत्तरदायित्व बहन गर्दछौं ।
९. यस बोलपत्रमा हाम्रो कुनै किसिमको सबकन्ट्रयाक्टर रहेको छैन र बोलपत्र स्वीकृत भएको अवस्थामा पनि कुनै किसिमको सबकन्ट्रयाक्टर मार्फत कार्य गराइने छैन ।
१०. बोलपत्र सम्झौता भएको खण्डमा यस फर्मको प्रतिनिधिको रुपमा तल उल्लेखित व्यक्तिले कार्य गर्नेछ ।

**नाम**.........................................................................

**पद**..................................................

**नागरिकता नं.**................................................

**जारी मिति र जिल्ला** ....................................................

**सम्पर्क नं.** .....................................................

**सही**.............................................

**मिति**............................................

**संस्थाको छाप**..........................................

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

# Bid Data Sheet

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | **A. General** |
| | | The Employer is:<br>Pokhara Metropolitan City,<br>Office of Municipal Executive, New Road Kaski |
| | | For clarification purposes only, the Employer's address is:<br>Attention: Jhankanath paudel /Sujan Sharma Address: PMC, Office of Municipal Executive, New Road , Kaski<br>Telephone: 061-520392<br>Facsimile number: 061-520600<br>Electronic mail address: pokharamun@gmail.com |
| | | **B. Preparation of Bids** |
| | | The language of the bid is: English /Nepali |
| | | The bid validity period shall be: ***one hundred Fifty (150) days*** |
| | | Deposit Amount shall be: ***Rs.*** |
| | | **Cash Deposit Account**<br>Name of Office: Pokhara Metropolitan City<br>Bank Name: Rastriya Banijya Bank,<br>Bank Address: Prithivichowk, Pokhara<br>Account Number: 3020100301010002<br>**Bid fee Payment Account**<br>Name of Office: Pokhara Metropolitan City<br>Tax Section<br>Rs.26,30,000.00 |
| | | **D. Submission and Opening of Bids** |
| | | For bid submission purposes only, the Employer's address is :<br>Attention:***Chief Administrative Officer***<br>Address: PMC, Office of Municipal Executive, Newroad , Kaski<br>The deadline for bid submission is :<br>Date : 2080/02/11 Time :12 o'clock |
| | | The bid opening shall take place at :<br>Address: PMC, Office of Municipal Executive, Newroad , Kaski<br>Date : 2080/02/11 Time :1 o'clock |



... महानगरपालिका
कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की

प्रमुख प्रशासकीय अधिकृत

## कबोल पत्र

पुनः प्रयोग योग्य सामग्रीहरुको निकासी कर संकलन सम्बन्धी

बोलपत्र फाराम

**सूचना नं.** 51.1/PMC/079-080

**बोलपत्र नं.** 15/PMC/Rev/079-080

आ.व.:२०७९/०८०

न्युनतम ठेक्का रकम कर बाहेक रु.५,२६,००,०००.००

| विवरण | कबोल रकम कर बाहेक रु. | |
|---|---|---|
| | अंकमा | अक्षरमा |
| पुनः प्रयोग योग्य सामग्रीहरुको निकासी कर | | |
| अग्रीम आयकर १.५ प्रतिशत | | |
| मू.अ.कर १३ प्रतिशत | | |
| कुल जम्मा | | |

कम्पनि वा फर्मको नाम :

ठेगाना :

कम्पनिको सहीछाप :

सम्पर्क फोन नं. :

मिति:

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## संझौताको स्वरुप

१) यसै कागजातका उल्लेखित शर्तहरुसमेटी तथा बोलपत्रदाताले कवोल गरेको अंकको आधारमा संझौताको मस्यौदा तैयार गरिनेछ ।

२) संझौताको मस्यौदा प्रस्तावदातालाई पनि अध्ययन गर्न दिइने छ । निजले त्यसमा उल्लेखित कुनै बुँदामा थप स्पष्ट पार्न अनुरोध गरेमा त्यसलाई थप स्पष्ट पार्न सकिने छ तर कार्यालयले उक्त अनुरोध अस्वीकार समेत गर्न सक्नेछ । यस अवस्थामा, कार्यालयले तयार गरेको संझौताको मस्यौदामा नै अन्तिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल